# बैंक तथा वित्तीय संस्था प्राप्ति (एक्विजिसन) सम्बन्धी विनियमावली, २०७०

**नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४ को उपदफा (१) को खण्ड (ख) तथा (ङ) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न तथा सोही ऐनको दफा ७९ को उपदफा (२) बमोजिम नियमन गर्न सोही ऐनको दफा ११० को उपदफा (२) को खण्ड (ण) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियमहरु बनाएको छ।**

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी विनियमहरुको नाम "बैंक तथा वित्तीय संस्था प्राप्ति (एक्विजिसन) सम्बन्धी विनियमावली, २०७०" रहेको छ।

(२) यो विनियमावली नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।[♣]

२. **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा, -

(क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ।

(ख) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ।

(ग) "इजाजतपत्रप्राप्त संस्था" भन्नाले वित्तीय कारोबार गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम इजाजतपत्रप्राप्त गरेको बैंक वा वित्तीय संस्था सम्झनु पर्छ।

(घ) "प्राप्ति गर्ने" भन्नाले एउटा इजाजतपत्रप्राप्त संस्थाले अन्य इजाजतपत्रप्राप्त संस्थाको सम्पूर्ण सम्पत्ति तथा सम्भावित दायित्वको हरहिसाव गरी संस्थाको कानुनी हैसियत समाप्त हुनेगरी आफूमा समाहित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले लक्षित संस्थाले प्राप्त गर्ने संस्थामा विलय हुनु पूर्व गरेका सम्पूर्ण करारीय दायित्व समेत स्वीकार गर्ने कार्य समेतलाई जनाउँछ।

(ङ) "प्राप्त गर्ने संस्था" भन्नाले खण्ड (घ) बमोजिम अन्य इजाजतपत्रप्राप्त संस्थालाई आफूमा समाहित गर्ने मूल संस्था सम्झनु पर्छ।

(च) "लक्षित संस्था" भन्नाले खण्ड (घ) बमोजिम प्राप्ति गर्ने संस्थामा सम्पूर्ण सम्पत्ति तथा दायित्व समेत समाहित हुन जाने इजाजतपत्रप्राप्त संस्था सम्झनु पर्छ।

(छ) "अन्य संस्था" भन्नाले यस बैंकबाट इजाजतपत्रप्राप्त नगरेको अन्य कुनै संगठित संस्था सम्झनु पर्छ।

(ज) "खुद सम्पत्ति (नेट वर्थ)" भन्नाले बैंक वा वित्तीय संस्थाको तत्काल कायम रहेको कुल जायजेथाबाट चुक्ता पूँजी तथा शेयरधनीको हक लाग्ने जुनसुकै नामाकरण गरिएको जगेडा कोष वा सञ्चित मुनाफा वा बैंक वा वित्तीय संस्थाको कुनै ख्याति भए सो बाहेकको जोखिम कोष सहितको अन्य सम्पूर्ण दायित्व रकम र संकलित नोक्सानी वा अपलेखन हुन बाँकी खर्चहरु भए सोसमेत कट्टा गरी बाँकी रहेको रकमलाई सम्झनु पर्छ।

(झ) "कर्मचारी" भन्नाले प्राप्त गर्ने वा लक्षित संस्थामा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(ञ) "साहू" भन्नाले इजाजतपत्रप्राप्त संस्थालाई निक्षेप वाहेकको रकम ऋण सापटी दिने संस्था वा व्यक्ति सम्झनु पर्छ।

---

♣ नेपाल राष्ट्र बैङ्कको सञ्चालक समितिको मिति २०७०।१२।२३ को ५७/२०७० औं बैठकबाट स्वीकृत भई लागू भएको।

(ट) “व्यवसाय” भन्नाले नाफा वा लाभको प्रयोजनका लागि गरिएको कुनै पनि काम कारवाही, त्यस्तो काम कारवाहीबाट प्राप्त गरिएको वा सोसँग सम्बन्धित वा सोको प्रयोजनका लागि प्रयोग गरिएको सम्पत्ति तथा त्यस्ता काम कारवाहीसँग प्राप्त अधिकार सम्झनु पर्छ ।

(ठ) “सुरक्षण” भन्नाले बन्धकी वा अन्य कुनै शेयर, डिवेन्चर, विनिमेयपत्र, प्रतिज्ञापत्र, जमानत, चल वा अचल सम्पत्तिको धितो वा धरौट लगायतका सुरक्षण निश्चित वा संरचनात्मक हाइपोथिकेसन, क्षतिपूर्ति बापत तत्काल लागू गरिएका वा भविष्यमा लागू हुनसक्ने भुक्तानी, ऋण वा दायित्वको सुरक्षा दिने सम्बन्धमा गरिएका कागजात सम्झनु पर्छ ।

(ड) “सम्पत्ति तथा दायित्वको विस्तृत मूल्यांकन (ड्यु डिलिजेन्स अडिट) (डिडिए)” भन्नाले इजाजतपत्रप्राप्त संस्थाको कुनै निश्चित मितिसम्मको सम्पूर्ण सम्पत्ति तथा सम्भावित दायित्व समेतको प्रचलित विधिद्वारा लेखा परीक्षक (मूल्याङ्कनकर्ता) द्वारा परिक्षण गरी संस्थाको यथार्थ अवस्थाको जानकारी गराउने कार्य सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य, योग्यता तथा प्रारम्भिक निवेदन सम्बन्धी व्यवस्था

३. **उद्देश्य:** बैंक तथा वित्तीय संस्था प्राप्ति गर्ने सम्बन्धी व्यवस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) मुलुकको समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीको संबर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्दै वित्तीय स्थायित्व हासिल गर्ने र वित्तीय प्रणालीको पुँजीगत आधार सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने ।

(ख) स्वस्थ र ठुला इजाजतपत्रप्राप्त संस्थाहरुले कम खुद सम्पत्ति (नेट वर्थ) भएका तथा समस्यामा रहेका संस्थालाई प्राप्त गर्ने वातावरण बनाई बैकिङ्ग, वित्तीय, मानव संशाधन, प्राविधिक एवं अन्य क्षमता अभिवृद्धि गरी सर्वसाधारणलाई आधुनिक बैंकिङ्ग सेवा सुबिधा प्रदान गर्न सक्षम तुल्याई निक्षेपकर्ता एवं लगानीकर्ताहरुको हक हित संरक्षण गर्दै प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धी कार्यलाई स्पष्ट र सरलिकृत बनाउने ।

४. **योग्यता** : राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त गरेका “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरु अर्को बैंक तथा वित्तीय संस्था प्राप्त गर्न योग्य हुनेछन् । “घ” वर्गका वित्तीय संस्थाले सोही वर्गको संस्थालाई मात्र प्राप्त गर्न सक्ने छन् । प्राप्त गर्ने संस्थाको कुल पुँजीकोष अनुपात लक्षित संस्थालाई आफूमा समाहित गरिसकेपछि यस बैंकको निर्देशन बमोजिम पर्याप्त भएको हुनुपर्नेछ ।

५. **समझदारी पत्र** : यो कार्यलाई स्पष्ट र पारदर्शी ढंगबाट अगाडि बढाउन दुबै संस्थाले समझदारी पत्रमा हस्ताक्षर गर्नु पर्नेछ । समझदारी पत्रमा विद्यमान अवस्था, भावी कार्यक्रम, कार्ययोजना आदि पक्षलाई समेट्नु पर्नेछ । समझदारी पत्रको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

६. **प्रारम्भिक निवेदन दिने व्यवस्था** : (१) विनियम ४ बमोजिम इजाजतपत्रप्राप्त संस्थाले प्राप्त गर्न लाग्ने अनुमानित समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित विद्यमान पूँजी संरचना अनुसार आ-आफ्नो साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो सम्बन्धी कार्य अगाडि बढाउन सञ्चालक समितिले अख्तियारी लिनु पर्नेछ । प्राप्त गर्ने कार्यलाई सघाउ पुऱ्याउन प्राप्त गर्ने संस्थाको संयोजकत्वमा आवश्यकता अनुसार एक संयुक्त एक्विजिसन समिति गठन गर्न सकिनेछ ।

(२) उप-विनियम (१) बमोजिम प्राप्त गर्ने सम्बन्धी प्रस्तावका आधारमा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिको निर्णय सहित संयुक्त रुपमा राष्ट्र बैंक समक्ष अनुसूची- २ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ । सो निवेदनका साथ नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट लक्षित संस्थाको शेयर कारोवार रोक्का गरिएको पत्र समेत संलग्न गर्नु पर्नेछ ।

(३) उप-विनियम (२) बमोजिमको निवेदन राष्ट्र बैंकले प्राप्त गरेपछि निवेदकहरुलाई  पन्ध्र दिन भित्र प्रारम्भिक छलफलको लागि बोलाइनेछ ।

७. **सैद्धान्तिक सहमति** : (१) विनियम ६ बमोजिम निवेदन प्राप्त हुन आएमा राष्ट्र बैंकले त्यस्तो प्राप्ति गर्ने कार्यबाट प्राप्त गर्ने संस्थाको वित्तीय सक्षमता एवं मुलुकको बैंकिङ्ग तथा वित्तीय प्रणालीको विकास, स्वच्छ प्रतिस्पर्धा तथा प्रचलित कानूनको पालनामा कुनै पनि किसिमको नकारात्मक असर पर्ने छैन भन्ने कुरामा आफू विश्वस्त भएमा आवश्यक प्रक्रिया अगाडि बढाउन शर्त सहित सैद्धान्तिक सहमति दिन सक्नेछ ।

(२) उप विनियम (१) बमोजिम सैद्धान्तिक सहमति दिएकोमा त्यस्तो सहमति कार्यान्वयन गर्दा बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना हुने वा कुनै संस्थाको एकाधिकार वा नियन्त्रित अभ्यास कायम हुन सक्ने सम्भावना देखिएमा वा प्रचलित कानून बमोजिम कुनै निकायबाट स्वीकृति वा सहमति लिनु पर्नेमा सो प्राप्त गर्न नसकेमा राष्ट्र बैंकले सोको कारण खोली त्यस्ता संस्थालाई प्राप्ति गर्ने कार्यमा अगाडि बढ्न दिएको सैद्धान्तिक सहमति खारेज गर्न सक्ने छ ।

## परिच्छेद - ३
## सम्पत्ति तथा दायित्व, सम्झौता तथा अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था

८. **सम्पत्ति तथा दायित्वको विस्तृत मूल्याङ्कन सम्बन्धी व्यवस्था** : (१) लक्षित संस्थाले आफ्नो सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन गर्न आफ्नो साधारण सभाबाट निर्णय गरी नियुक्त गरिएको वा साधारण सभाले अख्तियारी दिए बमोजिम सञ्चालक समितिले नियुक्त गरेको लेखापरीक्षकबाट सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो अवधिको मूल्याङ्कन गराउनु पर्नेछ ।

(२) प्राप्त गर्ने संस्थाले लक्षित संस्थाको सम्पत्ति तथा दायित्वको विस्तृत मूल्याङ्कन गराउन सक्नेछ ।

(३) लेखापरीक्षकले सम्पत्ति, दायित्व तथा कारोवारको मूल्याङ्कन गर्दा सो सम्बन्धी स्थापित मान्यता, आधार, मापदण्ड र/वा राष्ट्र बैंकले तोकेको शर्त बमोजिम सम्पत्ति, दायित्व तथा कारोवारको मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(४) उप-विनियम (३) बमोजिमको प्रतिवेदनमा लेखापरीक्षकले लक्षित संस्थाको मूल्याङ्कन गरी देहाय बमोजिमका विषयहरुमा किटानीका साथ राय पेश गर्नु पर्ने छ :-

(क) पूँजी पर्याप्तता,
(ख) कर्जा वर्गीकरण/सम्पत्तिको गुणस्तर
(ग) कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तता,
(घ) प्रचलित कानून तथा नियमनको पालना स्थिति,
(ङ) तरलता विवरण,
(च) जनशक्ति व्यवस्थापन,
(छ) सूचना प्रविधि,
(ज) नेटवर्थ,
(झ) व्यवसायको बजार अंश,
(ञ) शेयर आदान प्रदान अनुपात, र
(ट) शेयरको बजारमूल्य

(५) उप-विनियम (४) मा उल्लिखित विषयका अतिरिक्त लेखापरिक्षकले आफूले आवश्यक ठानेका अन्य विषयहरुमा समेत राय पेश गर्न सक्नेछ ।

(६) प्राप्त गर्ने कार्यबाट प्राप्ति गर्ने संस्थाको प्रभाव विश्लेषण स्वयं संस्थाले नै गरी पेश गर्नुपर्नेछ ।

९. **लक्षित संस्थाको शेयर मूल्य भुक्तानी तथा हिसाव मिलान सम्बन्धी व्यवस्था** : (१) लक्षित संस्थाको सम्पत्ति तथा दायित्वको विस्तृत मूल्यांकन गरी तय भएको प्रति शेयर मूल्य समेतको आधारमा प्राप्त गर्ने संस्थाले नगद वा आफ्नो शेयर दिई हिसाव मिलान गर्न सक्नेछ ।

(२) लक्षित संस्थाको सम्पत्ति तथा दायित्वको यथार्थ मूल्यांकन गरी मूल्य तय भएपछि प्राप्त गर्ने संस्थाले लेखांकन गर्दा किताबी मुल्यमा गर्नु पर्नेछ ।

१०. **सम्झौता सम्बन्धी व्यवस्था** : विनियम (७) बमोजिम गर्ने सैद्धान्तिक सहमति प्राप्त गरेका इजाजतपत्रप्राप्त संस्थाले अनुसूची-३ मा उल्लिखित विषयहरु खुल्ने गरी एक आपसमा सम्झौता सम्पन्न गर्नु पर्नेछ ।

११. **अन्तिम स्वीकृति सम्बन्धी व्यबस्था** : (१) प्राप्त गर्ने कार्यका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक सहमति पाएको प्राप्ति गर्ने संस्थाले विनियम ८ बमोजिमको प्रतिवेदन, विनियम १० बमोजिमको सम्झौतापत्र र लक्षित संस्थाको विशेष/साधारण सभाको स्वीकृत प्रस्ताव सहित अन्तिम स्वीकृतिको निमित्त राष्ट्र बैंकमा देहायका थप कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ :-

(क) प्राप्त गर्ने र लक्षित संस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन,

(ख) लक्षित संस्थाका शेयरधनीलाई प्रदान गर्न तय गरिएको नगद वा शेयर संख्याको अनुपात र सो निर्धारण सम्बन्धी निर्णयको प्रतिलिपि,

(ग) प्राप्ति गर्ने संस्थाले लक्षित संस्थालाई आफूमा समाहित गरिसकेपछि एकिकृत कारोवार गर्ने मिति समेत खुलेको कार्यतालिका, र

(घ) राष्ट्र बैंकले तोकेका अन्य कागजात तथा विवरण ।

(२) उप विनियम (१) बमोजिमको निवेदन उपर राष्ट्र बैंकले कारवाही गर्दा थप विवरण तथा कागजात आवश्यक भएमा सो निर्णय गर्नु अघि निवेदक संस्थालाई लिखित सूचना दिई थप जानकारी वा कागजात पेश गर्न लगाउन सक्नेछ र सम्बन्धित संस्थाले त्यस्तो जानकारी वा कागजात उपलब्ध गराउनु पर्नेछ ।

(३) उप विनियम (१) बमोजिमको निवेदन परेमा राष्ट्र बैंकले उक्त निवेदन, सो सँग संलग्न कागजात, विवरण उपर छानबिन गरी प्राप्ति गर्ने सम्बन्धमा स्वीकृति दिने वा नदिने निर्णय गरी सोको जानकारी पैतिस दिभित्र सम्बन्धित इजाजतपत्रप्राप्त संस्थालाई दिनेछ ।

(४) उप विनियम (३) बमोजिम निर्णय लिंदा राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थाबाट प्राप्त निवेदन, सो उपरको छलफल, सम्पत्ति दायित्व मूल्याङ्कन प्रतिवेदन, तोकिएका आवश्यक शर्तहरु पालनाको स्थिति, आपसी सम्झौता विवरण, तथा सोबाट पर्ने प्रभावको विस्तृत अध्ययन गर्दा बैंकिङ्ग तथा वित्तीय संरचना, बजार तथा बचतकर्ताहरुलाई सकारात्मक असर पर्ने देखिएमा आवश्यकता अनुसार हेरफेर, पुनर्विचार गर्न गराउन लगाई वा कुनै शर्त तोकी सोका आधारमा प्राप्ति गर्ने सम्बन्धमा अन्तिम स्वीकृति दिन सक्नेछ ।

(५) यस विनियमावली बमोजिम माग गरिएको थप जानकारी वा कागजपत्र इजाजतपत्रप्राप्त संस्था वा अख्तियारवाला व्यक्तिले तोकेको वा थप म्याद प्रदान गरेको समयावधिभित्र उपलब्ध नगराएमा प्राप्ति गर्ने सम्बन्धी कार्यका लागि निवेदकले दिएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

तर पुन: दिएको निवेदन उपर कारवाही गर्न भने यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(६) कुनै संस्थाले प्राप्ति गरेको सम्बन्धमा आफूले गरेको निर्णय सर्वसाधारणको जानकारीका लागि निर्णय भएको मितिले पन्ध्र दिनभित्र राष्ट्र बैंकले राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा दुई पटक सूचना प्रकाशन गर्नेछ ।

(७) राष्ट्र बैंकबाट प्राप्ति गर्ने स्वीकृति प्राप्त भएपछि सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले एकिकृत कारोबार थालनी गर्ने मिति समेतको व्यहोरा सर्वसाधारणको जानकारीका लागि सात दिन भित्र कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा दुई पटक प्रकाशन गर्नु पर्नेछ ।

१२.<u>स्वीकृतिको प्रभाव</u> : (१) कुनै संस्थाले प्राप्ति गर्ने कार्य अगाडि बढाउने सम्बन्धमा वार्षिक/विशेष साधारण सभाबाट निर्णय गरिसकेपछि उक्त संस्थाको पुँजी तथा शेयर स्वामित्वको संरचनामा हुने परिवर्तनलाई संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा समेत सोही अनुरुप संशोधन गरी राष्ट्र बैंक तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(२) राष्ट्र बैंकले कुनै संस्थालाई प्राप्ति गर्न यस विनियमावली बमोजिम स्वीकृति दिएमा लक्षित संस्थाको सम्पूर्ण स्थिर सम्पत्ति जायजेथा, दायित्व तथा सम्भावित दायित्व प्राप्ति गर्ने संस्थामा सर्नेछ । यसरी प्राप्ति गर्दा लक्षित संस्थाको नाममा रहेको सम्झौता बमोजिमको कुनै पनि जग्गा, जमिन, घर वा भवन त्यस्तो सम्पत्तिमा रहेको हक वा उक्त संस्थाको कुनै अन्य संस्थामा रहेको लगानी, हक वा शेयर भए सो समेत प्राप्ति गर्ने संस्थाको स्वामित्वमा सार्न सो सम्बन्धी प्रचलित कानून बमोजिम त्यस्तो कामकारवाही गर्ने निकाय वा अधिकारी समक्ष पठाउनु पर्नेछ । लक्षित संस्थाको नाममा कुनै सम्पत्ति वा व्यवसाय मुलुक बाहिर रहेको भएमा त्यस्तो सम्पत्ति वा व्यवसाय रहेको मुलुक र नेपाल राज्य बीच त्यस्तो आदेश वा निर्णय कार्यान्वयन सम्बन्धी कुनै सम्झौता भएको भए सो बमोजिम त्यस्तो आदेश वा निर्णय स्वत: कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ ।

१३. <u>प्रक्रियाको अनुगमन :</u> राष्ट्र बैंकले संस्था प्राप्ति गर्ने प्रक्रियाको अनुगमन गर्नेछ । अनुगमनका क्रममा उक्त प्रक्रिया, सम्झौता, तय गरिएको मूल्यको यथार्थपरकता, राष्ट्र बैंकको निर्देशन तथा प्रचलित कानूनको पालना तथा कुनै थप काम कुराको आवश्यकता भए सो कार्य गर्न समेत आवश्यक निर्देशन दिन सक्नेछ ।

## परिच्छेद - ४

## <u>छुट तथा सुविधा सम्बन्धी व्यवस्था</u>

१४. <u>इजाजतपत्रप्राप्त संस्था प्राप्ति गर्ने सम्बन्धमा प्रदान गरिने छुट तथा सुविधा</u> : (१) यस विनियमावली बमोजिम प्राप्ति गर्ने प्रक्रियालाई स्वीकृति प्रदान गरिसकेपछि आवश्यकता अनुसार शर्तसहित देहाय बमोजिमको छुट तथा सुविधा प्रदान गर्न सकिनेछ :-

(क) एउटा इजाजतपत्रप्राप्त संस्थाले अर्को इजाजतपत्रप्राप्त संस्था प्राप्ति गर्दा पूँजी संरचनामा हुन आउने परिवर्तनलाई नियमित गराउन ।

(ख) संस्था प्राप्त गरेपछि वा सो सिलसिलामा संस्थाको कुनैपनि संस्थापकको स्वामित्व प्रतिशत तोकिएको अधिकतम भन्दा बढी हुन गएमा सो लाई सीमाभित्र ल्याउन ।

(ग) संस्था प्राप्त गरेको कारणबाट साविकमा प्रवाह भैसकेको नियमित कर्जा रकम राष्ट्र बैंकको निर्देशन अनुरुप हुने गरी नियमित गराउन ।

(घ) संस्था प्राप्त गरेको कार्यबाट सिर्जित कर्जा निक्षेप अनुपात (स्वदेशी निक्षेप तथा प्राथमिक पूँजी) मा कुल स्वदेशी कर्जा सापटको अंश असी प्रतिशत नाघ्न गएमा सोलाई नियमित गराउन ।

(ङ) संस्था प्राप्त गरेको कारणले राष्ट्र बैंकले तोकेको विपन्न वर्ग कर्जा सम्बन्धी व्यवस्था पूर्ण रुपले पालना गर्न नसक्ने अवस्था भएमा सोलाई नियमित गराउन ।

(च) संस्था प्राप्त गरेपछि राष्ट्र बैंकबाट जारी गरिएको लगानी सम्बन्धी निर्देशन बमोजिम तोकिएको सीमाभित्र ल्याउन ।

(छ) संस्था प्राप्त गरी राष्ट्र बैंकले माथिल्लो वर्ग/कार्यक्षेत्रको लागि तोकेको न्यूनतम चुक्ता पूँजी पूरा गरी माथिल्लो वर्ग/कार्यक्षेत्रको संस्थामा परिणत हुन चाही आवेदन गरेमा आवश्यक प्रक्रिया तथा पूर्वाधार तयार भएको आधारमा स्तरोन्नति/कार्यक्षेत्र विस्तारका लागि प्राथमिकता दिन ।

(ज) संस्था प्राप्त गरेपछि सो कार्यबाट संस्थाको कर्मचारी सुविधा तथा प्रमुख कार्यकारीको पारिश्रमिक सम्बन्धी व्यवस्थामा कुनै बाधा उत्पन्न भएमा सो बाधा फुकाउ तथा विद्यमान दुबै पक्षका कर्मचारी समायोजनका सम्बन्धमा आवश्यक व्यवस्था गर्ने योजनाहरुलाई कार्यान्वयन गर्न ।

(झ) माथि उल्लिखित छुट तथा सुविधाका अतिरिक्त संस्था प्राप्ति गरेपछि प्राप्ति गरेको कारणबाट कुनै कठिनाई पर्न गएमा त्यस्तो कठिनाई हटाउन आवश्यकता र औचित्य हेरी थप अन्य छुट तथा सुविधा दिन ।

(२) संस्था प्राप्त गर्ने कार्यलाई प्रोत्साहन दिन तथा त्यस्तो कार्यबाट कुनै कठिनाई पर्न गएमा त्यस्तो कठिनाई हटाउन नेपाल सरकारबाट हुन सक्ने अन्य छुट तथा सुविधाका लागि राष्ट्र बैंकले नेपाल सरकार समक्ष आवश्यक सिफारिस गरिदिन सक्नेछ ।

## परिच्छेद - ५

## विविध व्यवस्था

१५. **संस्था प्राप्ति गर्ने निर्देशन सम्बन्धी व्यवस्था** : देहायको कुनै अवस्था देखिएमा राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थालाई आवश्यक निर्देशन वा सुझाव दिई संस्था प्राप्त गर्न वा गराउन सक्नेछ :-

(क) इजाजतपत्रप्राप्त संस्थाहरु मध्ये एकै समूहका व्यक्ति, फर्म, कम्पनीका एक भन्दा बढी संस्थाहरु सञ्चालनमा रही अस्वस्थ वित्तीय सम्बन्ध कायम रहेको अवस्थामा

(ख) इजाजतपत्रप्राप्त संस्थाहरु यथास्थितिमा सञ्चालन गराउँदा त्यसको नकारात्मक प्रभावले निक्षेपकर्ता, सर्वसाधारण शेयरधनी, अन्य सेवाग्राहीको हक हित संरक्षण हुन नसक्ने अवस्था सिर्जना भई समग्र वित्तीय प्रणालीमा प्रतिकूल असर पर्ने देखिएमा ।

(ग) प्रणालीगत जोखिम बढ्दै गई इजाजतपत्रप्राप्त संस्थाहरुले दायित्व भुक्तानी गर्न सक्षम नभएमा ।

(घ) निर्धारित समयमा सर्वसाधारण समूहमा शेयर निष्कासन नगरेमा, निष्कासित शेयर विक्रि वितरण नभएमा वा तोकिएको न्युनतम समानुपातिक चुक्ता पुँजी नपुऱ्याएमा ।

(ङ) तीन आर्थिक वर्षसम्म लगातार कुल कर्जामा निष्क्रिय कर्जाको अनुपात पाँच प्रतिशतभन्दा बढी कायम रहिरहेको अवस्था भएमा ।

(च) तीन पटक वा सो भन्दा बढी शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ बमोजिमको कारवाही भकोमा ।

(छ) इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिमा बारम्बार विवाद उत्पन्न भई सुशासनको अवस्था कमजोर भएको राष्ट्र बैंकलाई लागेमा ।

१६. <u>**विविध**</u> : (१) कुनै संस्थाले अर्को संस्था प्राप्ति गर्दा आंशिक रुपमा प्राप्त गर्न पाइने छैन ।

(२) संस्था प्राप्त गरेपछि लक्षित संस्था प्राप्त गर्नु अघि गरेका करारीय दायित्वको कार्यान्वयन प्राप्त गर्ने संस्थाबाट हुनेछ ।

(३) इजाजतपत्रप्राप्त संस्था एकले अर्को प्राप्त गर्न अन्तिम स्वीकृति दिएपछि ऐन तथा यस विनियमावली बमोजिम तोकिएको समयमा कार्यान्वयन नगरेको, प्रचलित कानुन अनुसार त्यस्तो कार्य नगरेको तथा विशेष परिस्थिति देखिएको अवस्थामा इजाजतपत्रप्राप्त संस्थालाई दिइएको अन्तिम स्वीकृति रद्द गरी कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

(४) कुनै इजाजतपत्रप्राप्त संस्थाबाट प्राप्ति गर्ने कार्यको सिलसिलामा प्रचलित कानून बमोजिम काम कारवाही नभएमा त्यस्तो कार्य गर्ने सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाहरु र/वा पदाधिकारीलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

# .............. बैंक/विकास बैंक/वित्त कम्पनी लि.
# र
# ................ बैंक/विकास बैंक/वित्त कम्पनी लि. बीच
# संस्था प्राप्ति (एक्विजिसन) सम्बन्धी सहमति पत्र

सहमतिपत्रको यो खण्डमा प्राप्ति गर्नु पर्ने औचित्य सम्बन्धमा एक प्याराग्राफ संक्षिप्तमा उल्लेख गर्नु पर्नेछ ।

नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ......... रहेको, नेपाल राष्ट्र बैंकबाट........... वर्गको वित्तीय कारोबार गर्न मिति ...............................मा इजाजतपत्र प्राप्त **श्री .....................बैंक/विकास बैंक/वित्त कम्पनी लि.** (जसलाई यस समझदारी पत्रको प्रथम पक्ष भनिएको छ ) का प्रतिनिधि/अध्यक्ष श्री ........................... र नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ......... रहेको, नेपाल राष्ट्र बैंकबाट........... वर्गको वित्तीय कारोबार गर्न मिति ...............................मा इजाजतपत्र प्राप्त **श्री .....................बैंक/विकास बैंक/वित्त कम्पनी लि.** (जसलाई यस समझदारी पत्रको द्वितीय पक्ष वा लक्षित संस्था भनिएको छ) का प्रतिनिधि/अध्यक्ष श्री ........................... बीच निम्न शर्तनामाको अधिनमा रही यो सहमति पत्रमा हस्ताक्षर गरिएको छ ।

**हामी प्रथम तथा द्वितीय पक्षले निम्न शर्तहरु पालन गर्न सहमत भएका छौं :**

१. प्राप्ति गर्ने सम्बन्धमा हामी दुवै/सबै पक्षका पदाधिकारीहरुले आ-आफ्नो संस्थाको विशेष/साधारण सभाबाट अख्तियार प्राप्त गरी सम्बन्धित सञ्चालक समितिको निर्णय बमोजिम यो सहमति पत्रमा हस्ताक्षर गरेका छौं ।

२. बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित ऐन र प्राप्ति सम्बन्धी विनियमावली, २०७० तथा नेपाल राष्ट्र बैंकको निर्देशन, धितोपत्र ऐन अनुसार ............. प्राप्त गर्ने संस्थामा ..................... बैंक/विकास बैंक/वित्त कम्पनी समाहित भई .................संस्था बन्ने हाम्रो लक्ष्य रहेको छ ।

३. प्राप्त पछिको बैंक/वित्तीय संस्थाको नाम ................................ राख्न सहमत भएका छौं वा यस बारेमा पछि निर्णय गर्न सहमत भएका छौं ।

४. प्रथम र द्वितीय पक्षबाट देहाय बमोजिमका सदस्यहरु रहने गरी एक संयुक्त समिति गठन गरिने छ । संयुक्त समितिको संयोजक तथा सदस्य सचिव समितिले नै चयन गर्नेछ । संयुक्त समितिको सचिवालय ........................................ मा रहने छ । समितिले दुबै वित्तीय संस्थाबाट आवश्यक कागजातहरु माग्न सक्नेछ । मागिएका कागजातहरु दुबै/सबै ............ संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

   **प्रथम पक्षको तर्फवाट**
   
   १)
   
   २)
   
   **द्वितीय पक्षको तर्फवाट**
   
   १)
   
   २)

५. बुँदा नं. ४ नं. उल्लिखित संयुक्त समितिले प्राप्ति सम्वन्धी कार्ययोजना वनाई काम गर्नेछ । समितिले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गर्नुपर्ने सम्पूर्ण लिखतहरु तयार गरी (आवश्यकता अनुसार परामर्श सेवा समेत लिई) आवश्यक परेमा सम्बन्धित वित्तीय संस्थाको विशेष साधारण सभावाट यथासमयमा निर्णय गराई सम्पूर्ण रित पुर्‍याई सैद्धान्तिक सहमतिको लागि नेपाल राष्ट्र बैंकमा पेश गर्नेछ ।

६. प्राप्ति गर्ने कार्यका लागि लागि आवश्यक पर्ने खर्चहरु दुई ............. संस्थाहरुले समान रुपमा/दामासाही तवरले व्यहोरिने छ ।

७. संस्था प्राप्त पछिको सञ्चालक समितिमा कुनै परिवर्तन हुने छैन, भए सो बारेमा उल्लेख गर्ने ।

८. प्राप्ति पछिको संस्थाको कर्मचारीहरुको सम्बन्धमा संयुक्त समितिले (आवश्यकता परेमा उपसमिति समेत गठन गर्न सकिने) देहाय बमोजिमका कार्यहरु गर्नेछ :-
   क) लक्षित संस्थाको प्रमुख कार्यकारीका सम्बन्धमा
   (ख) कर्मचारीहरुको दरबन्दी मिलान सम्बन्धमा
   (ग) कर्मचारीहरुको सेवा सुविधाका शर्त सम्बन्धमा
   (घ) उच्च उत्पादकत्व भएका तथा संस्थाका लागि अत्यावश्यक कर्मचारीको थमौति नीति तथा कर्मचारी उत्तराधिकारी योजना सम्बन्धमा ।
   (ङ) सैद्धान्तिक सहमति प्राप्त भएपछि संस्था प्राप्त हुनुभन्दा अघि कुनै/दुबै दुबै संस्थाका उच्च व्यवस्थापक, शाखा प्रवन्धक तथा कर्मचारीले संस्था छाडेमा त्यसको पूर्ति कसरी गर्ने भन्ने सम्बन्धमा ।

९. यो सहमति पत्रमा दस्तखत भई संस्था प्राप्त गर्ने हुने कार्य सम्पन्न नभएसम्मका लागि लक्षित संस्थामा कार्यरत कर्मचारीको पदोन्नती, तलव वृद्धि गर्नु पर्दा संयुक्त समिति समेतको संलग्नतामा गराउनु पर्नेछ ।

१०. लक्षित संस्थाले स्थिर प्रकृतिका सम्पत्तिहरु खरिद गर्दा वा दीर्घकालीन प्रकृतिको दायित्व सिर्जना गर्दा संयुक्त समितिको सहमति आवश्यक पर्नेछ । तर यस सहमति पत्रमा दस्तखत हुनु भन्दा पूर्व सम्बन्धित ............. संस्थाका संचालक समितिवाट भएको निर्णय कार्यान्वयन गर्न वाधा पुग्ने छैन ।

११. प्राप्ति पछि संस्थाका शाखा कार्यालयहरुका सम्बन्धमा केही सम्बोधन गर्न आवश्यक भए (गाभ्न, सार्न वा वन्द गर्न) सोही बमोजिम उल्लेख गर्ने ।

१२. प्राप्ति सम्बन्धी कार्य ....................भित्र सम्पन्न गरिनेछ । यदि यो समय भित्र कार्य सम्पन्न हुन नसकेमा संयुक्त समितिको सिफारिसमा म्याद थप गर्न सकिने छ । त्यस्तै कुनै काबु वाहिरको परिस्थितिवस वा विशेष कारण परी वा नियमनकारी निकायबाट वा अन्य परिस्थितिजन्य घटनाहरु घट्न गएका कारण प्राप्ति सम्बन्धी कार्य हुन नसक्ने भई त्यसको सिफारिस संयुक्त समितिबाट भई आएमा दुई संस्थाहरुको संचालक समितिको बैठकले गरेको निर्णय अन्तिम हुनेछ ।

१३. सम्पत्ति तथा दायित्वको मूल्याँकन सम्बन्धमा : लक्षित संस्थाको प्राप्ति सम्बन्धी विनियमावलीको विनियम ...मा भएको व्यवस्था बमोजिम Due Diligence Audit (DDA) गर्न गराउन हामी दुबै पक्ष सहमत छौं । DDA बाट प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदन उपर संयुक्त कमिटीमा विस्तृत छलफल गरी नेटवर्थको आधारमा मूल्य निर्धारण गरिनेछ । (वा यस सम्बन्धमा अरु स्पष्ट पार्न आवश्यक देखिएमा सो कुरा समेत उल्लेख गर्ने ।)

१४. संयुक्त समितिका निर्णयहरु यस सहमति पत्रका अभिन्न अङ्ग हुनेछन् ।

१५. यस सहमतिपत्रमा आवश्यकतानुसार शर्तहरु थपघट वा संशोधन गर्न सकिनेछ । त्यसको लागि दुई ............. संस्थाका प्रतिनिधिहरुको सहमति अनिवार्य हुनेछ ।

यो सहमति पत्रमा हामी ............ बैंक/विकास बैंक/वित्त कम्पनीका अख्तियार प्राप्त प्रतिनिधिहरुले ................ संस्थामा संयुक्त बैठक बसी निम्न संचालकहरु तथा प्रतिनिधिहरुको रोहवरमा दस्तखत गरी एक/एक प्रति बुझी लिएका छौं । यो सहमति पत्र आजका मितिवाट लागू हुनेछ ।

| | |
|---|---|
| .................. बैंक/विकास बैंक/वित्त कम्पनी लि.का तर्फवाट<br><br>अध्यक्ष/प्रतिनिधि श्री .............................१ | .................. बैंक/विकास बैंक/वित्त कम्पनी लि.का तर्फवाट<br><br>अध्यक्ष/प्रतिनिधि श्री ..............................१ |
| **रोहवरहरु :** | **रोहवरहरु :** |
| संचालक | संचालक |

इति सम्बत् २०.... साल ........................गते रोज .....शुभम्।

श्री नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग
बालुवाटार, काठमाडौं ।

बिषयः त्यस बैंकबाट इजाजतपत्रप्राप्त संस्था प्राप्त गर्ने सैद्धान्तिक सहमति पाउँ ।

महोदय,

प्रचलित कम्पनी ऐन बमोजिम पब्लिक लिमिटेड कम्पनीको रुपमा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम विगत ... वर्ष देखि वित्तीय कारोवार सञ्चालन गर्दै आएको ..................................... बैंक/वित्तीय संस्थाले विगत ... वर्ष देखि वित्तीय कारोवार सञ्चालन गर्दै आएको .................. बैंक/वित्तीय संस्था र विगत ... वर्ष देखि वित्तीय कारोवार सञ्चालन गर्दै आएको ................ बैंक/वित्तीय संस्थालाई प्राप्ति गर्न सहमति भएकोले सैद्धान्तिक सहमति सम्बन्धी त्यस बैंकको पूर्व स्वीकृतिको लागि तोकिएका आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं ।

*आवश्यक कागजात थान......संलग्न छन् ।*

| | | |
|---|---|---|
| भवदीय,<br><br>....................................<br>(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)<br>नामः<br>पदः<br>संस्थाको नामः<br>ठेगानाः<br>टेलिफोन नं :<br>फ्याक्स नं. :<br>इमेल ठेगाना :<br>मितिः<br>संस्थाको छापः | भवदीय,<br><br>...........................................<br>(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)<br>नामः<br>पदः<br>संस्थाको नामः<br>ठेगानाः<br>टेलिफोन नं :<br>फ्याक्स नं. :<br>इमेल ठेगाना :<br>मितिः<br>संस्थाको छापः | भवदीय,<br><br>.......................................<br>(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)<br>नामः<br>पदः<br>संस्थाको नामः<br>ठेगानाः<br>टेलिफोन नं :<br>फ्याक्स नं. :<br>इमेल ठेगाना :<br>मितिः<br>संस्थाको छापः |

## विनियम १० मा भएको सम्झौता सम्बन्धी व्यवस्था

(क) प्राप्त गर्ने र लक्षित संस्थाको नाम, ठेगाना, इजाजतपत्रको वर्ग र कार्यक्षेत्र, प्राप्ति गरिसकेपछि सो संस्था रहने नाम, ठेगाना, इजाजतपत्रको वर्ग र कार्यक्षेत्र,

(ख) बैंक वा वित्तीय संस्था प्राप्ति गर्ने सम्बन्धी कार्यको आवश्यकता र औचित्य,

(ग) बैंक वा वित्तीय संस्था प्राप्ति भएपछि बैंकिङ्ग तथा वित्तीय क्षेत्र र प्रणालीमा पार्ने असर,

(घ) निक्षेपकर्ताको हक हित संरक्षण गर्ने व्यवस्था,

(ङ) सर्वसाधारण शेयरधनी र अन्य साहूहरुको हक हित संरक्षण गर्ने व्यवस्था,

(च) बैंक वा वित्तीय संस्थाको वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोबारको व्यवस्थापन,

(छ) बैंक वा वित्तीय संस्थाको सम्पत्तिको मूल्याङ्कन, सम्पत्ति/दायित्वको हिसाव मिलन गरी लेनदेनका लागि स्वीकार भएको मूल्य,

(ज) संयुक्त लगानीका वैदेशिक लगानीकर्ता रहेको संस्थाको हकमा सम्बन्धित लगानी गर्ने संस्थाको सहमति पत्र,

(झ) प्राप्त गर्ने संस्थाको स्तरोन्नति हुने गरी प्रस्ताव गरिएकोमा संस्थाको प्रबन्धपत्र, नियमावली, इजाजतपत्र तथा नयाँ बैंक वा वित्तीय संस्थाका रुपमा परिणत हुने वा प्रप्ति गर्ने तथा लक्षित संस्थाको नाम,

(ञ) प्राप्ति पछिको पूँजी संरचना, व्यवस्थापन तथा स्वामित्व संरचना,

(ट) प्राप्ति पछिको संस्थामा आवश्यक कर्मचारी मात्र रहने गरी कर्मचारी कटौती योजना तथा जनशक्ति व्यवस्थापन योजना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था । यस सम्बन्धमा संस्थाले छुट्टै विस्तृत योजना समेत तयार गर्न सक्नेछन् ।

(ठ) लक्षित संस्थाको शेयरधनीलाई प्रदान गरिने नगद तथा शेयर र नगद अनुपात ।

(ड) संस्थाको गुणात्मक सुधार, व्यवसायको प्रवर्द्धन र सुरक्षा तथा संस्थागत सुशासनको प्रतिबद्धता,

(ढ) प्रचलित कम्पनी कानूनको पालनाको लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

(ण) धितोपत्र सम्बन्धित प्रचलित कानून पालनाका लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

(त) प्राप्ति पछिको संस्थागत पुनर्संरचना, एक आपसमा शाखा तथा कार्यालयहरुको मिलान तथा सञ्चालन व्यवस्था,

(थ) प्राप्ति गर्ने कार्यका लागि लाग्ने अनुमानित लागत रकम, समयावधि एवं एकिकृत कारोवार शुरु गर्ने मिति सहितको प्रस्तावित कार्ययोजना,

(द) अन्य प्रचलित कानून र सो को पालना भएको घोषणा,

(ध) राष्ट्र बैंकले तोकेका अन्य आवश्यक विषयहरु ।